Regd. No.: 621/054/55 CDO
6892/054/55 SWC

नेपाल अपाङ्ग महिला संघ

# Nepal Disabled Women Association (NDWA)

Kalopul, Kathmandu
Estd-2054(1998)

Nepal Disabled Women Association (NDWA) *Estd 2054*

**प्रेस विज्ञप्ति**

**मिति: २०८३ भदौ ११ गते (अगस्ट २७, २०२६)**

**विषय: विनाशकारी बाढी प्रभावित क्षेत्रहरूमा तत्काल उद्धार, राहत तथा लैङ्गिक एवम् अपाङ्गता-समावेशी सुरक्षाका लागि अपिल**

हालै रसुवाको तिमुरे, स्याफ्रुबेसी तथा भोटेकोशी नदी क्षेत्रमा आएको आकस्मिक माहाविनाशकारी बाढी र त्यसको प्रभावले रसुवा, नुवाकोट, धादिङ, गोर्खा लगायतका जिल्लाहरूमा भएको अपूरणीय जनधनको क्षतिप्रति **नेपाल अपाङ्ग महिला संघ (NDWA)** गहिरो दुःख व्यक्त गर्दछ। यस प्राकृतिक विपद्मा परी ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति संघ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ। साथै, बेपत्ता हुनुभएका स्वदेशी तथा विदेशी नागरिकहरूको शीघ्र खोजी र घाइतेहरूको प्रभावकारी उपचारको कामना गर्दछ।

हालसम्म प्राप्त आधिकारिक तथ्यांक अनुसार ३८९ भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको र सयौँ नागरिक अझै सम्पर्कविहीन रहेका छन्। खोज तथा उद्धार कार्य जारी रहेकाले यो क्षति अझै बढ्न सक्ने जोखिम रहेको छ।

**विपद्का बेला मुख्य चासो तथा जोखिमहरू:**

विपद्को यस्तो कठिन घडीमा महिला, बालबालिका, ज्येष्ठ नागरिक र खासगरी अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा बढी जोखिममा पर्ने गर्दछन्। संघका प्रमुख चासोहरू निम्न बमोजिम रहेका छन्:

१. **सूचनाको पहुँचमा अवरोध:** विपद्को पूर्वसूचना तथा आपत्कालीन सन्देशहरू साङ्केतिक भाषा, सरल भाषा वा सुलभ माध्यमबाट समयमै नपुग्दा अपाङ्गता भएका महिला तथा व्यक्तिहरू थप असुरक्षित बनेका छन्।
२. **भौतिक पहुँचको अभाव:** अस्थायी आश्रयस्थल तथा उद्धार शिविरहरूमा ह्वीलचियर ऱ्याम्प, पहुँचयुक्त शौचालय तथा सुरक्षित पूर्वाधारको अभावले दैनिक जीवनयापनमा गम्भीर कठिनाइ सिर्जना भएको छ।
३. **हिंसा र शोषणको जोखिम:** विस्थापित परिस्थितिमा अस्थायी शिविरहरूमा महिला, किशोरी तथा अपाङ्गता भएका महिलाहरूमाथि हुनसक्ने लैङ्गिक तथा यौनजन्य हिंसा र शोषणको जोखिम उच्च रहन्छ।
४. **विशिष्ट आवश्यकताको उपेक्षा:** नियमित औषधि, सहायक सामग्री र महिलाहरूका लागि आवश्यक मर्यादित स्वास्थ्य सामग्री (Dignity Kits) को सहज आपूर्ति नहुँदा थप स्वास्थ्य जटिलता देखिएको छ।

**सरोकारवालाहरूसँग मुख्य माग तथा ध्यानाकर्षण:**

मानवीय सहायता, उद्धार र राहत कार्यलाई थप संवेदनशील, समतामूलक र पहुँचयुक्त बनाउन नेपाल अपाङ्ग महिला संघ तिनै तहका सरकार, सुरक्षा निकाय, उद्धारकर्मी, नागरिक समाज तथा मानवीय सहायतामा संलग्न सम्पूर्ण निकायहरूसँग निम्न बमोजिम अपिल गर्दछ:

**तीव्र खोजी, समावेशी उद्धार र पहिचान:** प्रभावित क्षेत्रमा रहेका अपाङ्गता भएका महिला, बालिका, उच्च सहयोग आवश्यक पर्ने व्यक्ति, गर्भवती, बालबालिका तथा ज्येष्ठ नागरिकको प्राथमिकताका साथ पहिचान गरी बिनाभेदभाव सुरक्षित उद्धार र पुनर्स्थापना गरियोस्।

- **पहुँचयुक्त अस्थायी शिविर र सुरक्षा:** अस्थायी शिविरहरूमा च्याम्प, सुरक्षित र पहुँचयुक्त छुट्टै शौचालय, पर्याप्त उज्यालो, गोपनीयता र व्यक्तिगत सुरक्षाको विशेष व्यवस्था गरियोस्।
- **विशिष्ट राहत सामग्री वितरण:** खाद्यान्न र पिउने पानीका साथै ह्विलचेयर, वैशाखी, सेतो छडी जस्ता सहायक सामग्री, नियमित औषधि र मर्यादित किट (Dignity Kits) अनिवार्य रूपमा उपलब्ध गराइयोस्।
- **अपाङ्गता-समावेशी तथ्यांक र सहभागिता:** राहत तथा पुनर्स्थापनाको योजना निर्माण र कार्यान्वयनमा अपाङ्गता भएका महिला तथा OPDs को अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लिङ्ग, उमेर र अपाङ्गताका आधारमा तथ्यांक संकलन गरियोस्।
- **मनोसामाजिक परामर्श सेवा:** हिंसा रोकथामका उपायहरूसँगै प्रभावित अपाङ्गता भएका महिला तथा बालबालिकाहरूका लागि विशेष मनोसामाजिक परामर्श सेवाको पहुँच सुनिश्चित गरियोस्।

**"कोही पछि नपरुन्" (No One Left Behind)**

नेपाल अपाङ्ग महिला संघ विपद्को यस प्रतिकार्य, राहत तथा पुनर्स्थापनाका हरेक चरणमा अपाङ्गता भएका महिला तथा बालिकाहरूको अधिकार, सुरक्षा, मर्यादा र आवश्यकतालाई केन्द्रमा राख्न जोडदार आग्रह गर्दछ। संघ आवश्यक समन्वय, सहकार्य र पैरवीका लागि निरन्तर प्रतिबद्ध रहेको यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराउँदछौँ।

**सहयोगका लागि हेल्पलाइन**

बाढीबाट प्रभावित अपाङ्गता भएका महिला, बालिका वा उनीहरूका परिवारजनले सहयोग, जानकारी वा उद्धार-राहत सम्बन्धी अनुरोधका लागि संघको हेल्पलाइन नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ:

**हेल्पलाइन नम्बर: ९८०१५७१२२५ (२४ सै घण्टा सञ्चालनमा)**

इमेल: info@ndwa.org.np

**मीना पौडेल**

**अध्यक्ष**

**एवं नेपाल अपाङ्ग महिला संघ परिवार**